नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय
Public Expenditure and Financial Accountability Secretariat

पत्र संख्याः ०७७/७८ मितिः २०७७/०९/२७

चलानी नं.: १२३

विषयः प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

यस सचिवालयको आ.व. ०७७/७८, ब.उ.शी.नं. ३०५०११०१ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम को स्वीकृत कार्यक्रम/क्रियाकलाप अन्तरगत PIUs/DPIUs strengthening कार्यक्रम सञ्चालनका लागि स्वीकृत अवधारणापत्र यसैसाथ संलग्न छ ।सो अवधारणापत्रको अधीनमा रही तहाँ निकायबाट उपयुक्त प्रस्ताव पेश गर्नुहुन मिति २०७७/०९/२७ को यस सचिवालयको निर्णयानुसार अनुरोध छ ।

रमेशराज पौडेल
लेखा अधिकृत

स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन

अनामनगर, काठमाडौं, फोनः ०१-४७७०७०६, फ्याक्सः ०१-४७७०७०६
Website: www.pefa.gov.np

नेपाल सरकार

अर्थ मन्त्रालय

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय

Public Expenditure and Financial Accountability Secretariat

मितिः २०७७/०९/२७

पत्र संख्याः ०७७/७८

चलानी नं.: १२२

विषयः प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै ।

यस सचिवालयको आ.व. ०७७/७८, ब.उ.शी.नं. ३०५०११०१ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम को स्वीकृत कार्यक्रम/क्रियाकलाप अन्तरगत PIUs/DPIUs strengthening कार्यक्रम सञ्चालनका लागि स्वीकृत अवधारणापत्र यसैसाथ संलग्न छ ।सो अवधारणापत्रको अधीनमा रही तहाँ निकायबाट उपयुक्त प्रस्ताव पेश गर्नुहुन मिति २०७७/०९/२७ को यस सचिवालयको निर्णयानुसार अनुरोध छ ।

रमेशराज पौडेल

लेखा अधिकृत

स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन

पेफा कार्यान्वयन एकाई (प्रदेश तह तथा जिल्लास्तर) सुदृढीकरण कार्यक्रम कार्यान्वयन सम्वन्धी अवधारणा पत्र, २०७७

(Concept Paper of Strengthening PIUs at Province and District Level Program, 2020/21)

नेपाल सरकार

अर्थ मन्त्रालय

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालय

पेफा कार्यान्वयन इकाई (प्रदेश तह र जिल्लास्तरीय) सुदृढीकरण कार्यक्रम कार्यान्वयन सम्बन्धी अवधारणापत्र, २०७७

(Concept Paper of Strengthening PIUs at Province and District Level Program, 2020/21)

१. भूमिकाः

सन् २००१ मा लागु भएको पेफा संरचना (PEFA Framework) को आधारमा पहिलो पटक सन् २००८ मा र दोस्रो पटक सन् २०१४ मा नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन मापन गरी प्रतिवेदन प्राप्त भएका छन् ।यसै गरी सन् २०१६ को पेफा संरचना (परिमार्जन सहित) को आधारमा आगामी वर्षहरुमा गरिने मूल्यांकनको तयारी समेत भईरहेको छ।

प्रथम सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्यांकन प्रतिवेदन (PEFA Assessment Report) को सिफारिस अनुसार सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमको नेतृत्व गर्न तथा सुधार प्रक्रियालाई संस्थागत गर्न नेपाल सरकारको निर्णय अनुसार अर्थ सचिवको अध्यक्षतामा गठित पेफा निर्देशक समितिको प्रत्यक्ष नीतिगत मार्ग निर्देशनमा रहने गरी सन् २००९ मा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय (Public Expenditure and Financial Accountability Secretariat) को स्थापना भएको हो । सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने गरी वित्तीय व्यवस्थापनको कार्यसम्पादनलाई क्रमिक रुपले सुधार गरी सुदृढ बनाउन नीति, योजना तथा कार्यक्रम र क्रियाकलापहरूको खाका तर्जुमा गर्ने र तिनको कार्यान्वयनमा समन्वय एवं सहजीकरण गर्ने तथा कार्यान्वयन प्रगतिको अनुगमन मूल्याङ्कन गर्ने कार्य यस सचिवालयले गर्दै आएको छ । सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व संरचना (PEFA Framework) लाई विषयगत मन्त्रालय तथा जिल्लास्तरमा कार्यान्वयन गर्न सचिवालयले प्राविधिक तथा वित्तीय सहयोग पनि उपलव्ध गराउँदै आएको छ ।

पेफा निर्देशक समितिको निर्णयानुसार क्षेत्रगत सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गरी पेफा संरचनालाई विषयगत मन्त्रालय/निकायहरूमा एकीकृत गर्न सहयोग पुऱ्याउने उद्देश्यले मन्त्रालय तथा केन्द्रीय निकायहरूमा पेफा कार्यान्वयन एकाई (PEFA Implementation Unit - PIUS) र स्थानीयस्तरमा जिल्ला पेफा कार्यान्वयन एकाई (District PEFA Implementation Units- DPIUS) यस अघि नै गठन भई कार्यान्वयनमा आईसकेका छन् ।सार्वजनिक वित्तीय व्यवस्थापन एवं सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी सूचना तथा गतिविधिहरूको समन्वय गर्ने, संचार तथा सम्प्रेषण गर्ने कार्यमा यी कार्यान्वयन एकाइहरुले सहयोग

पुऱ्याईरहेका छन् । नेपालको संविधान २०७२ कार्यान्वयन भएपछि मुलुकको शासकीय स्वरुपमा संघीय, प्रदेश र स्थानीय तहका सरकारहरु कार्यान्वयनमा आईसकेको अवस्थामा यी तीनै तहमा सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादनलाई सुदृढीकरण गर्न यी क्षेत्रमा व्यापकरुपमा संरचनागत, कार्यविधिगत तथा प्रणालीगत व्यवस्था गर्ने गरी सुधारका कार्यक्रमहरु संचालन गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागि संघीय र जिल्लास्तरका पेफा कार्यान्वयन एकाइहरु थप प्रभावकारी रुपमा क्रियाशील हुनुपर्ने देखिन्छ ।साथै, पेफा निर्देशक समितिको २६ औं वैठकको निर्णय अनुसार सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यसंचालन निर्देशिका, २०७५ संशोधनसहित परिमार्जन भएको र सो निर्देशिका बमोजिम प्रदेश तहमा पेफा कार्यान्वयन एकाइहरु (Province level PEFA Implementation Unit-PPIU) गठन समेत गरिसकिएको छ ।यी कार्यान्वयन एकाइहरुलाई सुदृढ एवं क्रियाशील बनाउन सकिएमा समग्र सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढ हुनसक्ने भएकाले केन्द्रीय, प्रदेश तथा जिल्लास्तरका सबै ईकाइहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसका लागि वित्तीय व्यवस्थापनको सुदृढीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउन सक्ने क्रियाकलापहरू पहिचान गरी एकाइहरू मार्फत नै कार्यक्रमहरू कार्यान्वयन गराउँदा यसप्रति सरोकारवालाहरूको अपनत्व समेत वृद्धि हुने देखिन्छ ।

सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (व.उ.शी.नं. ३०५०११०१) यस सचिवालयको आ.व. ०७७/७८ को वार्षिक कार्यक्रमको क्र.सं. २.७.२८.११ PIUs/DPIUs Strengthening खर्च शीर्षक नं. २२५२९ (विविध कार्यक्रम) मा रु.१,५०,२३,०००(अक्षरेपि रु. एक करोड पचास लाख तेईस हजार) वार्षिक बजेट स्वीकृत भएको छ । विनियोजित रकमको अधीनमा रही सार्वजनिक खर्चमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न टेवा पुऱ्याउने प्रदेश तथा जिल्लास्तरमा पेफा कार्यान्वयन एकाईहरूमार्फत सञ्चालन हुने क्रियाकलापहरू व्यवस्थित गर्न यो अवधारणापत्र तयार गरिएको छ ।

२. उद्देश्य

पेफा संरचना (PEFA Framework) लाई नेपाल सरकारका हरेक तहहरुमा आन्तरिकीकरणका साथ कार्यान्वयन गरी प्रवर्द्धन गर्दै लैजानु यस कार्यक्रमको प्रमुख उद्देश्य हो । यस कार्यक्रमको थप उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

- सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गतको पेफा कार्यान्वयन एकाइ सुदृढीकरण कार्यक्रमको कार्यान्वयन गर्नु,
- पेफा कार्यान्वयन एकाइको क्षमता अभिवृद्धि गर्दै सार्वजनिक वित्तीय व्यवस्थापन सुधार सम्वन्धी कार्यक्रम कार्यान्वयनमा जिम्मेवार वनाउनु,
- प्रदेश तथा स्थानीय तहमा सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गरी देशको समग्र सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ वनाउनु प्रयास गर्नु,

- पेफा संरचना (PEFA Framework) लाई स्थानीय सरोकारवालाहरूमा आन्तरिकीकरण गर्नु,
- पेफा र यसका सुधार कार्यान्वयनमा यसका सबै सरोकारवालाहरूको अपनत्व वृद्धि गर्नु ।

३. कार्यक्रम कार्यान्वयन कार्यविधि :

३.१. प्रस्तावको ढाँचा र क्रियाकलाप :

- यस कार्यक्रमको कार्यान्वयनका लागि सबै पेफा कार्यान्वयन एकाइहरुबाट सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने क्रियाकलापहरू पहिचान गरी त्यसको उद्देश्य, सञ्चालन विधि, क्षेत्र, कार्यसञ्चालन स्वरूप (Operating Framework) कार्य योजना, लक्षित बर्ग, अपेक्षित उपलब्धि, मूल्याङ्कन सूचक तथा त्यसका लागि अनुमानित लागत सहितको (अनुसूची १ अनुसार) विवरण सहितको प्रस्ताव माग गरिनेछ । प्रस्तावको लागत अनुमान एवं खर्चको मापदण्ड नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका अनुरुप हुनुपर्नेछ । कार्यान्वयन एकाइहरुले क्रियाकलापहरू पहिचान गर्दा पेफा कार्यान्वयन एकाइहरुले सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यसंचालन निर्देशिका, २०७५ को अधीनमा रही गर्नुपर्नेछ । यसका साथै पेफा कार्यान्वयन ईकाइहरुहरूले निम्न विषयवस्तुलाई प्राथमिकता दिई अनुसूचि–२ अनुसारको क्रियाकलापहरू (नयाँ क्रियाकलापहरू पनि पहिचान गर्न सकिनेछ) मध्येबाट प्रस्ताव पठाउनु पर्नेछ ।
    - ➢ क्रियाकलापहरूले सार्वजनिक वित्तीय व्यवस्थापन एवं सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी सचेतना अभिवृद्धि गर्न सक्ने ।
    - ➢ सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि गर्न सक्ने ।
    - ➢ आर्थिक प्रशासनसँग सम्बन्धित विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाको परिपालना गराउन योगदान पुऱ्याउने ।
    - ➢ सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणका लागि पृष्ठपोषण प्राप्त हुन सक्ने अध्ययन तथा अनुसन्धान सहयोगी हुने ।

३.२ प्रस्तावको मुल्याङ्कन र छनोट :

- प्राप्त हुन आएका प्रस्तावहरूको मूल्याङ्कन सचिवालयले निम्न विषयहरूको आधारमा गर्नेछः
    - ➢ प्रस्तावमा उल्लेखित क्रियाकलापहरू यस अवधारणापत्रको उद्देश्य प्रासिको लागि उपयोगी भए/ नभएको।
    - ➢ समग्र एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजनाको उद्देश्य अनुरूप भए नभएको ।

- सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गरी सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणमा योगदान पुराउन सक्ने नसक्ने ।
- कार्यान्वयन योग्य एवं कार्यमूलक भए नभएको ।
- समय सान्दर्भिक, उपलब्धिमूलक, उपयुक्त र विश्वसनीय भए नभएको ।

- यसरी प्राप्त प्रस्तावहरूको मूल्याङ्कन सचिवालयले मूल्याङ्कन समिति गठन गरी गर्नेछ । यस्तो समितिको बैठकमा समितिका संयोजकले विषयवस्तुसँग सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।
- मूल्याङ्कन समितिले कार्यान्वयनका लागि उपयुक्त भनी सिफारिस गरेका प्रस्तावहरूमात्र कार्यक्रम कार्यान्वयनको लागि छनौट गरिने छ ।

३.३ स्वीकृत प्रस्ताव कार्यान्वयनको तरिका :

- छनौट भएका प्रस्तावहरूको कार्यान्वयन पेफा सचिवालय र सम्बन्धित पेफा कार्यान्वयन ईकाइहरुका संयोजकबीच पत्राचारबाट अगाडि बढाईने छ ।
- प्रस्तावहरूको छनौट गर्दा स्वीकृत बार्षिक कार्यक्रमको विनियोजित बजेटको सीमाभित्र रहेर गरिने छ ।
- स्वीकृत प्रस्तावमा उल्लेखित रकम ड्राफ्ट मार्फत पेश्की स्वरूप सम्बन्धित पेफा कार्यान्वयन एकाइहरूमा पठाईनेछ । प्राप्त रकमबाट स्वीकृत क्रियाकलापहरू सञ्चालन गरी विस्तृत प्रतिवेदनसहित खर्चको सक्कलै बील भरपाईहरू संलग्न गरी पेश्की फछ्र्यौटको लागि सचिवालयमा पठाउने जिम्मेवारी सम्बन्धित पेफा कार्यान्वयन एकाइका संयोजकको हुनेछ ।
- प्राप्त रकमको सीमाभित्र रहेर स्वीकृत प्रस्तावमा उल्लेखित क्रियाकलापहरू संचालन गर्दा वित्तीय पारदर्शिता तथा उत्तरदायित्व कायम राख्दै नेपाल सरकारका प्रचलित ऐन, नियम (आर्थिक कार्यविधि ऐन/नियम, खरिद ऐन/नियम, अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसञ्चालन निर्देशिका र यस सचिवालयको निर्देशन) हरूको अनुसरण गरी लेखाको प्रचलित मान्य ढाँचामा लेखा राख्ने र प्रतिवेदन सहित पेश्की फछ्र्यौंट गर्न लगाउने जिम्मेवारी पेफा कार्यान्वयन ईकाइका संयोजकको हुनेछ ।
- पत्र प्राप्त भएको मितिले १ महिना भित्रमा संलग्न अनुसूचीको ढाँचामा कार्यक्रम प्रस्ताव पेश गर्नुपर्ने तथा ३ महिना भित्रमा कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।
- पेफा सचिवालयले सहमति जनाएकोमा वाहेक स्वीकृत प्रस्तावमा उल्लेखित क्रियाकलापहरूमा संशोधन तथा परिवर्तन गरी संचालन गर्न सकिने छैन ।
- क्रियाकलापहरूको कार्यान्वयन तथा त्यसको परिणामको सम्बन्धमा पेफा सचिवालयले नियमित सुपरिवेक्षण तथा अनुगमन गर्नेछ साथै कार्यान्वयनमा सहजीकरण समेत गर्नेछ ।

४. अपेक्षित उपलब्धि :

यो कार्यक्रमको कार्यान्वयबाट निम्न उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ ।

- एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजनाको कार्यक्रम अन्तर्गतको सुदृढीकरण कार्यक्रमको सफल कार्यान्वयन हुने ।
- पेफा कार्यान्वयन ईकाइहरुको क्षमता अभिवृद्धि भई पेफा कार्यान्वयनमा प्रभावकारिता हासिल हुने ।
- सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि भई देशको समग्र सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ बनाउन योगदान पुग्ने ।
- यस अघिको सन् २००१ मा आएको पेफा संरचना (PEFA Framework) मा संशोधन र परिमार्जन गरी सन् २०१६ मा आएको नयां पेफा संरचना (PEFA Framework) को विषयगत, क्षेत्रगत, प्रदेशगत तथा स्थानीय सरोकारवालाहरूमा आन्तरिकीकरण गर्न सहयोग पुग्ने ।
- पेफा कार्यान्वयनमा यसका सबै सरोकारवालाहरूको अपनत्व वृद्धि हुने ।
- पेफा कार्यान्वयन ईकाइहरुका बैठकहरू नियमितरूपमा संचालन भई केन्द्रीय, प्रदेश तथा स्थानीय तह स्तरमा सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणको सम्बन्धमा नियमित छलफल तथा अन्तरक्रिया भईरहने ।

५. अनुगमन मूल्याङ्कनः

पेफा सचिवालयको वार्षिक कार्यक्रम अनुसार यसरी संचालित हुने क्रियाकलापहरूको कार्यान्वयन अवस्था एवं प्रगतिको अनुगमन तथा मूल्याङ्कन निर्धारित सूचकहरूको आधारमा पेफा सचिवालयका संयोजक, सदस्य सचिव वा संयोजकले खटाएको अधिकृतहरूबाट हुनेछ । क्रियाकलापको प्रकृति अनुसार सूचकहरू फरक हुन सक्नेछन् ।

पेफा कार्यान्वयन ईकाइहरुका संयोजक पनि आफुले गरेको कामकारवाही तथा गतिविधिहरूको अनुगमन गर्ने छुट्टै संयन्त्र बनाई अनुगमन गराउने व्यवस्था गर्नुपर्नेछ ।

६. पारदर्शिता :

कार्यक्रम सञ्चालन गर्दा गराउदा पारदर्शिता तथा वित्तीय उत्तरदायित्वलाई उचित ध्यान दिनुपर्नेछ । कार्यक्रम सञ्चालनमा भएको खर्चको स्थानीयस्तरमा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

७. संशोधन :

यो अवधारणा पत्रमा सचिवालयले आवश्यकता र औचित्यको आधारमा संशोधन गर्न सक्नेछ ।

८. अवधारणा पत्रको कार्यान्वयनः

यो अवधारण पत्र सचिवालयबाट स्वीकृत भए पछि कार्यान्वयनमा आउने छ ।

९. कार्यक्रमको निरन्तरता :

यो अवधारणपत्र अनुसार सञ्चालित कार्यक्रम/क्रियाकलापहरूको प्रभावकारिताको वस्तुगत मूल्याङ्कन गरी आगामी आर्थिक वर्षहरूमा पनि यो कार्यक्रमलाई निरन्तरता दिन सकिने छ ।

१०. विविध :

पेफा सचिवालयको लागि नेपाल सरकार (दातृ निकायको स्रोतसमेत) बाट स्वीकृत भएको बजेट तथा कार्यक्रममा परिमार्जन भएमा यो अवधारणापत्र बमोजिम स्वीकृत भएका कार्यक्रममा समेत आवश्यक परिमार्जन वा हेरफेर हुन सक्नेछ ।

<u>अनुसुची -१</u>

क्रियाकलाप	लक्षित वर्ग	लाग्ने समय	अनुमानित लागत	अपेक्षित उपलब्धि	अनुगमन सूचकहरू
१.				१.	१.
				२.	२.
				३.	३.
				४.	४. ....
२.				१.	१.
				२.	२.
				३.	३.
				४.	४. ....
३.				१.	१.
				२.	२.
				३.	३.
				४.	४. ....
४.				१.	१.
				२.	२.
				३.	३.
				४.	४. ....

अनुसूची -२

पेफा कार्यान्वयन ईकाइ सुदृढीकरण कार्यक्रम अन्तर्गत प्रदेश/जिल्ला पेफा कार्यान्चयन एकाइ (PPIUs/DPIUs) ले विनियोजित वजेटको सीमाभित्र रही संचालन गर्नुपर्ने क्रियाकलापहरू

सि.न	क्रियाकलाप	अपेक्षित उपलब्धि
१. सचेतनामूलक कार्यक्रम		
१.१	सार्वजनिक खर्च व्यवस्थापनसँग सम्वन्धित एफ.एम रेडियो कार्यक्रम सञ्चालन • राष्ट्रिय भाषामा प्रसारण गर्ने • राष्ट्र भाषामा प्रसारण गर्ने	• प्रदेश/जिल्लास्तर एवं स्थानीय तहमा एफ एम रेडियो मार्फत सार्वजनिक खर्च व्यवस्थापनसँग सम्वन्धित गतिविधि प्रसारण भएको हुने
१.२	सामुदायिक विद्यालयहरूको आर्थिक कार्यप्रणालीमा रहेका वित्तीय जोखिमका क्षेत्र पहिचान र समाधान सम्बन्धी कार्यक्रम	• सामुदायिक विद्यालयहरूको आर्थिक कार्यप्रणालीमा सुधार भएको हुने
१.३	स्थानीय तहको बजेटचक्र तथा यसको समयतालिकाका सम्बन्धमा सरोकारवालाबीच अन्तरक्रिया तथा प्रचारमूलक क्रियाकलापहरु	• स्थानीय तहमा बजेट प्रभावकारिता अभिवृद्धि एवं समय तालिकाको पालना भएको हुने
१.३	प्रदेश/जिल्ला/स्थानीय तहका निकायको वित्तीय व्यवस्थापनमा देखिएको वित्तीय जोखिमहरूको पहिचान र सुधार सम्बन्धी अन्तरक्रिया,	• प्रदेश/जिल्ला/स्थानीय तहको वित्तीय जोखिममा कमी आएको हुने ।
१.४	जिल्लास्थित नागरिक समाज, गैर सरकारी संस्था, सामुदायिक संस्थाहरूसँग PFM सम्बन्धी छलफल अन्तरक्रिया	• PFM/PEFA सम्वन्धमा सरोकारवालाहरूमा सचेतना वृद्धि भई वित्तीय उत्तरदायित्व अभिवृद्धि भएको हुने
१.५	प्रदेश/जिल्ला/स्थानीय तहका कर्मचारीहरूलाई आर्थिक कारोबारको लेखाङ्कन र प्रतिवेदन सम्बन्धी अभिमुखिकरण तालीम	• कर्मचारीहरूमा आर्थिक कारोबारको लेखाङ्कन सम्बन्धी ज्ञान हासिल भई कार्यक्षमता अभिवृद्धि हुने,
१.६	सार्वजनिक खर्चमा जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गर्ने प्रकारका तालिम, गोष्ठी, कार्यशाला वा अन्तरक्रिया,	• सार्वजनिक खर्चको जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि हुने
१.७	निर्माण व्यवसायीहरूसँग निर्माण व्यवस्थापन र गुणस्तर सम्बन्धी छलफल/अन्तरक्रिया,	• स्थानीयस्तरमा हुने निर्माण कार्यहरूको गुणस्तरमा सुधार आउने,
१.८	प्रदेश/जिल्ला/स्थानीय तहका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरूबीच प्रत्येक आर्थिक वर्षको अख्तियारीमा भएको व्यवस्था र कार्यान्वनयन	• बजेट अख्तियारी एवं कार्यान्वयन पक्षमा सुधार भएको हुने

	सम्बन्धी अन्तरक्रिया तथा छलफल,	
१.९	सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा जारी भएका ऐन, नियम, निर्देशिका एवं म्यानुअलहरूको प्रचार प्रसार गर्ने	• सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी कानूनी साक्षरता अभिवृद्धि भएको हुने
२. सार्वजनिक वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धिमुलक कार्यक्रम		
२.१	पेफा सूचक (PEFA Indicator) को आधारमा जिल्लाको सार्वजनिक खर्चको प्रभावकारिताको स्थिति मापन गर्ने सूचक बनाई अध्ययन गर्ने, उदाहरणका लागिः • कार्यक्रम स्वीकृति, • खरिद योजना निर्माण, • खरिद योजना अनुसार खरिद प्रक्रियाको कार्यान्वयन, • खर्चको अनुगमन, • राजस्व र खर्चको प्रतिवेदनको समयबद्धता आदि	• प्रदेश/जिल्ला तहमा पेफाको स्तर मापन भई वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि भएको हुने
२.२	प्रदेश/जिल्लाको एकीकृत विनियोजन तथा खर्चको अवस्था सार्वजनिक गर्ने	• प्रदेश तथा जिल्लास्तरका विनियोजन तथा खर्चको गतिविधि सार्वजनिक भएको हुने,
२.३	चालु वर्षको स्वीकृत कार्यक्रमको विवरण सार्वजनिकीकरण	• प्रदेश तथा जिल्लास्तरमा चालु वर्षको स्वीकृत कार्यक्रमको विवरण सार्वजनिकीकरण भएको हुने,
२.४	आयोजनामा हुने खर्चको नतिजामूलक प्रभावकारिताको मूल्याङ्कन	• प्रदेश तथा जिल्लास्तरमा आयोजना प्रभावकारिता अभिवृद्धि भएको हुने,
२.५	सार्वजनिक वित्तीय व्यवस्थापका असल अभ्यासको अभिलेखाङ्कन र प्रकाशन	• प्रदेश तथा जिल्लास्तरमा सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी सामाग्री प्रकाशन भएको हुने,
२.६	आलेप प्रतिवेदनको सार तयार गरी सार्वजनिक गर्ने,	• प्रदेश तथा जिल्लास्तरमा आलेप प्रतिवेदनको सार तयार भै वितरण भएको हुने,
३.अनुसन्धानमुलक क्रियाकलापहरू		
३.१	प्रभावकारी सार्वजनिक खर्च व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान,	• PFM सुधारका लागि उपयुक्त सुझावहरू प्राप्त भएका हुने
३.३	प्रदेश/जिल्लास्थित कार्यालयहरूको बजेट परिचालन, खर्च हुन नसक्नुको कारण, समस्या एवं समाधानको उपाय सहितको प्रतिवेदन तयार गर्ने,	• प्रदेश/जिल्लास्थित कार्यालयहरूको बजेट परिचालन, खर्च हुन नसक्नुको कारण, समस्या एवं समाधानको उपायका विषयमा उपयुक्त सुझावहरू प्राप्त भएका हुने
३.४	प्रदेश/जिल्लास्थित कार्यालयहरूको वेरूजुको स्थिति, वेरूजुको प्रकृति, सम्परीक्षण तथा फछ्र्यौटको अवस्थाको सम्बन्धमा तुलनात्मक अध्ययन गरी वेरूजु घटाउन अपनाउनु पर्ने उपाय	• प्रदेश/जिल्लास्तरका कार्यालयमा वेरूजुको प्रकृति, अवस्था, वेरूजु फछ्र्यौटको अवस्था तथा वेरूजु कम गर्ने उपायका विषयमा उपयुक्त सुझावहरू प्राप्त भएका हुने

	सहितको प्रतिवेदन तयार गर्ने	
३.५	प्रदेश/जिल्लामा राजस्व असुली गर्ने कार्यालयले वार्षिक लक्ष्य अनुसार राजस्व असुली गर्न सके नसकेको, लक्ष्य अनुसार असुली हुन नसक्नुको कारण, यसको समाधानको उपायको सम्वन्धमा अध्ययन गर्ने	• प्रदेश/जिल्लामा राजस्व व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि का लागि उपयुक्त सुझावहरू प्राप्त भएका हुने
४ अन्य		
४.१	सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरण तथा सार्वजनिक खर्चको पारदर्शिता एवं उत्तरदायित्व अभिवृद्धिमा सहयोग पुग्ने गरी PPIU/DPIU ले पहिचान गरेका अन्य अनुसन्धानमुलक र नवीन क्रियाकलाप (Innovative Activities) भए सो को प्रस्ताव तयार गरी पेफा सचिवालयको सहमतिमा त्यस्ता क्रियाकलाप पनि संचालन गर्न सकिने,	• सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरण तथा सार्वजनिक खर्चको पारदर्शिता एवं उत्तरदायित्व अभिवृद्धिमा उपयुक्त सुझावहरू प्राप्त भएका हुने
४.२	PPIU/DPIU बैठक नियमित रूपमा सञ्चालन	• PFM गतिविधिहरू चुस्त भएको हुने

द्रष्टव्य:

१. माथि उल्लेख गरिएका क्रियाकलापहरूमा नसमेटिएका तर PEFA Indicator सँग सम्बन्धित गतिविधिहरू समेत प्रस्तावमा राख्न सकिनेछ ।

२. स्थानीय तह एवं स्थानीय तहका गतिविधिहरू सम्मिलित प्रस्तावहरुलाई ग्राह्यता दिईनेछ ।

३. COVID-19 कायमै रहेको कारण प्रस्तावमा उल्लेख गरिएका विषयहरू भर्च्युअल विधिबाट समेत सञ्चालन गर्न सकिनेछ । क्रियाकलापहरू प्रस्ताव गर्दा भौतिक वा भर्च्युअल विधि के अवलम्बन गरिने हो स्पष्ट खुलाई खर्चको प्रस्ताव गर्नुपर्नेछ ।

४. गत आ.व. मा सञ्चालन भएका क्रियाकलापहरूमा संभव भएसम्म दोहोरो नपर्ने गरी क्रियाकलापहरू प्रस्ताव गर्नुपर्नेछ । गत आ.व. मा जस्तै क्रियाकलापहरू प्रस्ताव गर्नुपर्ने भएमा उचित र उपयुक्त कारणहरू खुलाउनुपर्नेछ ।

<u>अनुसूची ३</u>

प्रतिवेदन ढाँचा

शीर्षक, स्थान

१. पृष्ठभूमिः

२. उद्देश्यः

३. कार्यक्रमको स्वीकृत लागत अनुमान र यथार्थ खर्चको विवरणः

४. कार्यक्रम सञ्चालनको तालिकाः

५. सहभागीहरूको विवरण (महिला र पुरुष छुट्टिने गरी)

६. कार्यक्रमको संक्षिप्त विवरणः

७. कार्यक्रमको उपलब्धिः

८. कार्यक्रम सम्बन्धमा कुनै पृष्ठपोषण भए सो को विवरणः

९. निष्कर्षः

१०. प्रतिवेदनमा संलग्न गर्नुपर्ने अन्य विवरणः

क) सहभागीहरूको पद, ठेगाना, ईमेल आइडी, सम्पर्क नम्बर आदि ।

ख) स्रोत व्यक्ति र कार्यक्रममा सन्दर्भ सामाग्रीको रुपमा प्रयोग भएका कार्यपत्रहरूको विस्तृत विवरण